# स्थानीय राजपत्र

साकेला गाउँपालिका, स्थानीय सरकारद्वारा प्रकाशित

मितिः-२०७८-१०-११

खण्ड २

स्थानीय सरकार

साकेला गाउँपालिका, मानेभञ्याङ ,खोटाङ

## मर्मत सम्भार कोष संचालन निर्देशिका, २०७८

# साकेला गाउँपालिका

## मर्मत सम्भार कोष संचालन निर्देशिका, २०७८

प्रमाणिकरण मितिः-

२०७८-१०-०७

प्रमाणिकरण गर्नेः-

नाम,थरः- अर्जुन कुमार खड्का

पदः- गाउँपालिका अध्यक्ष

दस्ताखतः- 

अर्जुन कुमार खड्का
गाउँपालिका अध्यक्ष

मितिः- २०७८।१०।०७

# मर्मत सम्भार कोष संचालन निर्देशिका, २०७८

**प्रस्तावना**

साकेला गाउँपालिकाद्वारा संचालन गरिने विभिन्न पुर्वाधार बिकास सम्बन्धी योजनाहरुलाई नियमित मर्मत सम्भार तथा व्यवस्थापन गरी दिगो रुपमा सञ्चालन गर्नु पर्ने आजको परिप्रेक्ष्यमा भौतिक पुर्वाधार विकासका कार्यहरुमा उपभोक्ताहरुको सहभागिता अभिबृद्धि गरी पुर्वाधार विकासमा स्थानीय बासिन्दाहरुको स्वामित्व ग्रहण गर्ने वातावरण बनाउन र गाउँपालिकाबाट निर्मित पुर्वाधार विकास योजनाहरुलाई मितव्ययी तथा दिगो रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी साकेला गाउँकार्यपालिकाले यो मर्मत सम्भार कोष सञ्चालन निर्देशिका, २०७८ स्वीकृत गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस निर्देशिकाको नाम "मर्मत सम्भार कोष संचालन निर्देशिका, २०७८" रहेको छ।

ख. यो निर्देशिका साकेला गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

क. "निर्देशिका भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका , २०७८ सम्झनु पर्छ।

ख. "सभा" भन्नाले नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार गठन भएको गाउँसभा सम्झनुपर्छ।

ग. "गाउँपालिका" भन्नाले साकेला गाउँपालिका सम्झनु पर्छ।

घ. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

ङ. "उपाध्यक्ष" भन्नाले गाउँपाललिकाको उपाध्यक्ष सम्झनुपर्दछ।

च. "सचिव" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

छ. "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ज. "कोष" भन्नाले मर्मत सम्भार कोषलाई सम्झनु पर्दछ।

झ. "सडक बोर्ड" भन्नाले सडक बोर्ड नेपाललाई सम्झनु पर्दछ।

ञ. "आयोजना" भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि गाउँपालिकाले तयार गरेको व्यवस्थित क्रियाकलाप सम्झनु पर्छ।

ट. "उपभोक्ता समिति" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै योजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँछ।

ठ. "सार्वजनिक संरचना" भन्नाले सडक, बाटो तथा सडकमा रहेका कलभर्ट, भवन, विद्यालय भवन, स्वास्थ्य संस्थाको भवन, नाला, बाँध, पैनी, कुलो पुल पुलेसा, ताल, तलैया, सिमसार, पोखरी, पार्क, बगैँचा, भ्युटावर, मसानघाट, कब्रस्थान, सार्वजनिक शौचालय तथा ऐतिहासिक पुरातात्विक महत्वका संरचना आदिलाई सम्झनु पर्दछ।

ड. "विपद" भन्नाले प्राकृतिक वा गैर प्राकृतिक कारणबाट उत्पन्न विपदपूर्ण घटना वा परिस्थिति सम्झनुपर्छ र सो शब्दले कुनैपनि ठाउँमा विपदपुर्ण अवस्था सिर्जना भई धनजनको क्षतीको साथै जिवनयापनमा प्रतिकूल असर परी वा पारी विपद् बाट प्रभावित व्यक्ति वा समुदायको आफ्नै स्रोत र क्षमताबाट समाधन हुन नसक्ने बाह्य सहयोगको आवश्यक्ता पर्ने दुःखद तथा कष्टपूर्ण प्राकृतिक वा गैर प्राकृतिक विपद् र जलवायू परिवर्तनबाट हुनसक्ने विपत्तीपूर्ण अवस्थालाई समेत सम्झनुपर्छ।

ढ. "विकास साझेदार" भन्नाले नेपाल सरकार वा गाउँपालिकासँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलब्ध गराउने दुईपक्षीय एवं बहुपक्षीय दातृ निकाय वा संघसंस्थाहरुलाई सम्झनु पर्दछ।

ण. "भुक्तानी रकम" भन्नाले गाउँपालिका आफैले वा नेपाल सरकारका अन्य निकायहरुसगँ वा विकास साझेदारसँग वा उपभोक्ता समिति वा सामुदायिक संस्थासँग लागत सहभागितामा निर्माण भएका पुर्वाधार विकासका कार्यसँग सम्बन्धित पक्षलाई गाउँपालिकाबाट दिईने भुक्तानी रकमलाई जनाउँदछ।

## परिच्छेद २
## कोष व्यवस्थापन तथा परिचालन

३. कोष व्यबस्थापन तथा परिचालन समिति

क. मर्मत संभार कोषलाई मितव्यायी, दिगो एवं प्रभावकारी तवरले व्यवस्थापन तथा संचालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन तथा परिचालन समिति रहने छः

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. अध्यक्षले तोकेको गाउँ कार्यपालिका सदस्य मध्येबाट एकजना महिलासहित दुई जना | सदस्य |
| ५. आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |

६. प्राविधिक शाखा प्रमुख सदस्य
७. योजना शाखा अधिकृत सदस्य

ख. सामान्यतः समितिको बैठक तिन महिनामा एक पटक बस्ने छ तर आवश्यक परेमा जुनसुकै बेला पनि बैठक बस्न सक्नेछ।

ग. समितिले प्रचलित कानुनको अधिनमा रही आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ।

घ. यस समितिका सदस्यहरुको बैठक भत्ता गाउँकार्यपालिकाका सदस्य सरह हुनेछ।

ङ. बैठकमा आवश्कता अनुसार विशेषज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सकिने छ।

**४. व्यवस्थापन तथा परिचालन समितिको काम, कर्तव्य र अधिकार**

व्यवस्थापन तथा परिचालन समितिको काम कर्तव्य र अधिकार निम्नानुसार रहेको छः

क. गाउँपालिका क्षेत्रभित्र रहेका सार्वजनिक संरचनाको मर्मतको लागि प्राथमिकता तोक्ने।

ख. मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि स्रोत, साधनको पहिचान तथा व्यवस्थापन गर्ने।

ग. मर्मत सम्भार कार्यलाई दिगो, भरपर्दो र वातावरण मैत्री बनाउने उपायहरुको खोजी गर्ने।

घ. मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्युनीकरण एवं जनसहभागिता अभिबृद्धि गर्ने किसिमले कार्य योजना बनाउने।

ङ. सडक बोर्ड नेपालबाट प्राप्त हुने रकमका सन्दर्भमा प्रचलित कानून बमोजिम हुने गरी सडक योजना छनोट गर्ने।

च. विपदबाट भएको योजनाको क्षति यकिन गरि तत्काल गर्नुपर्ने काम, गर्न सकिने उपायहरु र साझेदार निकायहरुको पहिचान गरी गाउँ कार्यपालिकामा पेश गर्ने।

छ. आपतकालिन अवस्थामा पुर्वाधार मर्मत गर्ने कार्यमा गाउँपालिकालाई आवश्यक सहयोग गर्ने।

ज. मर्मत सम्भार सम्बन्धि कार्यको अनुगमन तथा निरिक्षण गरी गाउँपालिकालाई सल्लाह सुझाव दिने।

झ. मर्मत गर्नुपर्ने सडक लगायतका सार्वजनिक संरचनाको लगत अद्यावधिक गर्ने।

ञ. आयोजनाहरुबाट सेवा प्राप्त गर्ने लाभग्राहीबाट सेवा शुल्क संकलन गरी मर्मत सम्भार व्यवस्थापन गर्न सहजिकरण गर्ने।

परिच्छेद ३

**५. मर्मत सम्भार कोष व्यवस्थापनः**

गाउँपालिका मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोष स्थापना गरिने छ। कोषको अलग्गै बैंक खाता हुनेछ। कोषमा देहाय बमोजिमको रकम जम्मा गरिने छः

क. नेपाल सरकारबाट मर्मत सम्भार कोषमा प्राप्त हुने रकम,

ख. प्रदेश सरकारबाट मर्मत सम्भार कोषका लागि प्राप्त हुने रकम,

ग. स्थानीय सरकारबाट मर्मत सम्भारको लागि विनियोजित रकम,

घ. स्थानीय सरकारबाट पुर्वाधार संरचनाको भुक्तानीमा निम्नानुसार मर्मत सम्भारका लागि कट्टा हुने रकम,

१. उपभोक्ता समितिबाट संचालित भौतिक पुर्वाधार आयोजनाहरुको हकमा कुल कार्यसम्पादन रकमको ३(तीन) प्रतिशत रकम

२. ठेक्काबाट संचालित आयोजनाको हकमा लागत अनुमानमा मर्मत सम्भार कोषका लागि उल्लेख भए बमोजिमको रकम ।

ङ. उपभोक्ता समिति, विकास साझेदार एवं अन्य निकायबाट मर्मत सम्भारको लागि उपलब्ध हुने रकम,

च. सडकबोर्ड नेपालहरुबाट गाउँपालिकाको लागि प्राप्त हुने रकम,

छ. अन्य निकायहरुबाट मर्मत सम्भार कोषमा जम्मा हुने गरी प्राप्त रकम,

**६. कोष संचालनः**

यो कोषको संचालन देहाय बमोजिम हुनेछ .

क. कोषको नाममा प्राप्त हुन आएको रकम साकेला गाउँपालिकाको मर्मत सम्भार कोषको बैंक खाताबाट संचालित हुनेछ ।

ख. कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाको प्रमूखकको संयुक्त दस्ताखतबाट संचालन हुनेछ ।

ग. कोषको आन्तरिक तथा अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिन हुनेछ ।

**७. कोषको रकम खर्च गरिने क्षेत्रहरुः**

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको मर्मत सम्भारका क्षेत्रमा मात्र खर्च गरिने छ ।

क. सडकको नियमित मर्मत सम्भारमा देहायका विषयहरु समावेश हुनेछन्

१. सडक किनाराको ढल तथा नालीमा मर्मत तथा सफाई गर्ने ।

२. सडकमा भएका स-साना खाल्डाहरु पुर्ने , सडकमा झरेका माटो तथा ढुंगाहरु हटाउने ।

३. सामान्य खालको पहिरो तथा भुस्खलन हटाउने ।

४. पुल तथा कलभर्टको मर्मत तथा सफाई गर्ने ।

५. अन्य सार्वजनिक संरचना मर्मत गर्ने ।

६. सडकबोर्ड नेपालसँगको साझेदारीमा गरिने मर्मत सम्भार सम्बन्धी कार्यहरु ।

७. सडक सोलिङ्ग गर्ने, सार्वजनिक संरचनाहरुको मर्मत सम्भार गर्ने ।

ख. सडकको पटके मर्मत सम्भारमा देहायका विषयहरु समावेश हुनेछन्

साकेला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रथा. २०७३

१. कच्ची सडकमा सवारी साधनको चक्काले बनाएको खाल्डो पुर्ने।
२. सडक सतहको खाल्डो पुर्ने र सडक किनारा मिलाउने कार्य गर्ने।
३. क्याम्वर मिलाउने।
४. ग्राभेल सडकको मर्मत गर्ने, कच्ची नालीको मर्मत गर्ने।
५. कलभर्ट पुलको प्यारापिट वाल, रेलिङ, रिटेनिङ वाल आदि मर्मत गर्ने।
६. वायो ईन्जिनियरिङ गर्ने।
७. नदी तथा ताल तलैया संरक्षन गर्ने गराउने।
८. ढलको कभर बदल्ने एवं मर्मत गर्ने।
९. ठुलो पहिरो र भुस्खलन हटाउने तथा मिलाउने।

ग. आकस्मिक मर्मत सम्भार।

१. बिपदबाट भएको सडक संरचनाको क्षेतिको मर्मत सम्भार गर्ने र भवन आदिको भग्नावशेष व्यवस्थापन गर्ने।

घ. अन्य मर्मत सम्भार

१. गाउँपालिकाको आन्तरिक पुजिगत संरचनाको संचालनको संचालन तह सम्मको सामान्य मर्मत,
२. गाउँपालिका मातहतका सार्वजनिक संरचनाहरुको संचालनहरुको संचालन तहसम्मको सामान्य मर्मत।

## परिच्छेद ४

## मर्मत संभारको लागि छनौट सम्बन्धि व्यवस्था

**८. मर्मत सम्भारको लागि सार्वजनिक संरचना छनौट:**

अद्यावधीक अभिलेख र उपभोक्ताबाट मर्मत सम्भारका लागि गाउँ स्तरीय बार्षिक मर्मत सम्भार योजनामा समावेश गर्न भनी माग भई आएका आयोजनाहरु मध्ये छनौट गर्दा देहायका आधारमा सबभन्दा बढि आवश्यक र उपयुक्त देखिएका आयोजनालाई पहिलो प्राथमिकता दिने गरी देहाय बमोजिम छनौट गरिनेछ ;

क. स्थानीय उत्पादनलाई बजारसम्म जोड्ने सडक,
ख. गाउँपालिकले तोकेको मापदण्डमा, परेको सडकहरु,
ग. तत्कालै मर्मत कार्य नगर्दा ठुलो धनजनको क्षति हुने संरचनाहरु,
घ. गरिव, बिपन्न र सिमान्तकृत समुदायको पहुच स्थापित गर्न सहयोग पुर्याउने सडक संरचनाहरु,
ङ. बालबालिका तथा अपांगता भएका व्यक्तिहरुलाई मूल प्रभावमा प्रवाहीकरण गर्न सहयोग पुग्ने सडक संरचनाहरु,

गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

च. गाउँ र शहरको अन्तरसम्बन्धलाई जोड्ने पूर्वाधार संरचनाहरु,

छ. वातावरण मैत्री गाउँ निर्माणको प्रवर्द्धनको लागी सहयोग पुग्ने पुर्वाधार संरचनाहरु,

**९. मर्मत सम्भार कार्य गराउने व्यवस्था:**

क. मर्मत सम्भार कार्य गराउँदा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सार्वजनिक खरिद ऐन, २०६३ एवं अन्य प्रचलित कानून बमोजिमको आवश्यक प्रकृया पुरा गरी गर्नुपर्नेछ। सार्वजनिक संरचनाको मर्मत सम्भार कार्यमा जनसहभागिता अभिबृद्धिलाई जोड दिईने छ।

ख. कोष व्यवस्थापन तथा परिचालन समितिबाट प्राथमिकताक्रम तोकिएका सार्वजनिक संरचनाको मर्मत सम्भार कार्य गर्दा दोहोरो सम्झौता गरि गर्नु पर्नेछ। साथै सम्बन्धित उपभोक्ता समितिले तोकिएको लागत साझेदारी अनिवार्य रुपमा गर्नु पर्नेछ।

**१०. बचाउ:**

प्रस्तुत मर्मत सम्भार कोष संचालन निर्देशिका, २०७८ लागू हुनुभन्दा अगाडि भए गरेको मर्मत सम्भार कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ।

**११. संशोधन:**

यस निर्देशिकामा आवश्यकता र समयानुकुल संशोधन गर्ने कार्य गाउँ कार्यपालिकाले गर्ने दा छ।

**१२. अमान्य हुने:**

यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित कानूनसँग बाझिएमा हदसम्म निष्कृय तथा अमान्य हुनेछन्।